**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. ६१३/०६२/०६३

Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDAL HUMAN RESOURCE COMPANY, a closed joint stock company

पूर्व स्वीकृति मिति २०७९/०१/०४ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२२ | LT. No. 261315 | चलानी नं. ६०१८४६८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 53 | 0 | 1000 | ३५,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १ गते (13th Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**

श्रम ईजाजत नं. ३८४/०५९/०६०

Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.co.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL RABWAH FOR OCCASIONS

पूर्व स्वीकृति मिति २०७९/०५/०६ | पुन विज्ञापन स्वीकृति मिति: २०७९/१०/२२ | LT. No. 270024 | चलानी नं. ६०१८५८८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 3 | 0 | 1000 | ३६,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १ गते (13th Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**

श्रम ईजाजत नं.८३३/०६६/०६७

Sinamangal-9, Shanbhu Marga, Kathmandu, Nepal. Tel: +977-01-4478737,4464082
FAX:+977-01-4464082, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DICKSON JEWELLERY AND GOLDSMITH SND BHD

पूर्व स्वीकृति मिति २०७९/०६/२३ | पुन विज्ञापन स्वीकृति मिति:२०७९/१०/२२ | LT No :272662 | चलानी नं. ६०१८८७३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FACTORY WOREKR | 11 | 0 | 1500 | ४६,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १ गते (13th Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**TRANS WORLD Manpower CO.(P) Ltd.**

Govt. License 300/059/60

3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236
Email: twmanpower@wlink.com.np

**Mai Municipality**
**Office of The Municipal Executive**
**Sitali, Ilam**
**Province No.1, Nepal**

## Invitation Of Bids For The Following Works

**(Second Date of Publication: 2079/10/23)**

Mai Municipality invites Electronic Bids for the Procurement of Following Works under National Competitive Bidding (NCB) and Sealed Quotation (SQ) Procedures. Bid document may be downloaded from PPMO website **www.bolpatra.gov.np/egp**. Bidders may obtain further information at the office of **Mai Municipality, Office of Municipal Executive, Sitali, Ilam (maimun.gov.np),** may email on the email address (**mainagarpalika@gmail.com**), or may call on **(9849079791/9852639111)** at office time.

| S.N | Contract ID | Description of Works | Estimated Amount (Including V.A.T) | Bid Security Fee | Bid Document Fee | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | MM/NCB/ WORKS / 16/079/80 | Bihibarey Haat Bazzar Tahara Nirman in Mai Municipality-06 | 49,54,085.56 | 1,15,000.00 (120 Days) | 3000.00 | 2079/11/25 12:00 (Noon) | 2079/11/25 13:00 PM |
| 2 | MM/SQ/ WORKS / 05/079/80 | Upgrading Works of Kalimati Pahiro - Dhakaney Culvert | 16,95,592.83 | 37,500.00 (75 Days) | 1000.00 | 2079/11/10 12:00 (Noon) | 2079/11/10 13:00 PM |
| 3 | MM/SQ/ WORKS / 10/079/80 | Maintenance of Branch Roads of Mai Municipality-01 | 10,12,167.82 | 25,000.00 (75 Days) | 1000.00 | 2079/11/10 12:00 (Noon) | 2079/11/10 13:00 PM |

**Chief Admisistrative Officer**

# भावपूर्ण श्रद्धाञ्जली







**जन्म :**
**२०४३ असार २ गते**

**स्वर्गारोहण :**
**२०७९ माघ १२ गते**

## स्व. श्यामबाबु राउत

यस प्रभाव पब्लिकेसन प्रा.लि.मा रेभिन्यू तथा सर्कुलेसन प्रमुखको रुपमा कार्यरत उदयपुरगढी-८, नेपालटार, उदयपुर निवासी **श्री श्यामबाबु राउत**को यही मिति २०७९ माघ १२ गतेका दिन काठमाडौंमा ३७ वर्षको अल्पायुमा असामयिक निधन भएकोमा हामी अत्यन्त मर्माहत भएका छौं । विगत ८ वर्षदेखि यस संस्थामा जोडिनुभएका उहाँको निधनबाट यस प्रालिले अपूरणीय क्षति बेहोर्नुपरेको छ । साथै, नेपाली सञ्चार उद्योगबाट एक इमान्दार योद्धा गुमेको छ । यस संस्था तथा यस संस्थाबाट प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**को उन्नयनमा उहाँले पुऱ्याउनुभएको योगदान, उहाँको मिहेनत, इमान्दारिता, लगनशीलता र संस्थाप्रतिको लगाव सदा स्मरणीय रहनेछ । उहाँको निधनको आज १३औं पुन्यतिथिको अवसरमा मृतात्माको चीर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, शोकमा पर्नुभएका परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी भगवान्सँग प्रार्थना गर्दछौं ।

**श्री कृष्णबहादुर कार्की**
**प्रबन्ध निर्देशक**

**श्री लालसरा राई**
**अध्यक्ष**

**तथा प्रभाव पब्लिकेसन प्रा.लि. परिवार**
**सिफल, काठमाडौं**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# मिडियामाथि रविको अभिव्यक्ति खेदजनक

पूर्वसञ्चारकर्मीसमेत रहेका रवि लामिछानेले आफ्नो दल रास्वपा सरकारबाट अलग भएको घोषणा गर्ने क्रममा सबैभन्दा बढी गालीको वर्षा मिडियामाथि गरे । विभिन्न सञ्चारमाध्यम र तिनका सञ्चालक तथा सम्पादक लामिछानेको निशानामा परे । उनले ती मिडियाका सञ्चालक र सम्पादकलाई तुच्छ ढंगले चर्को आलोचना गरेका थिए । जसको आधारमा उनको दलले सरकारबाट बाहिरिनुको कारण फेरि गृह मन्त्रालय नपाएर होइन, पत्रकारहरूले खेदो खनेर हो ।

यतिसम्म कि आफ्नो आलोचना गर्ने मिडिया र सम्पादकहरूलाई चितवन–२ मा उपनिर्वाचन लड्न आउन चुनौती दिए । सोही क्रममा लामिछानले भन्न भ्याए– 'हिजो पत्रकारितामा रहँदा पनि खेदो गर्नुभयो । र, राजनीतिमा गए उपप्रधानमन्त्री भएँ । अझै खेदो गर्दै हुनुहुन्छ, अब प्रधानमन्त्री बन्नेगरि चुनाव जितेर आउँछु ।' उनले नेपाली पत्रकारिता साह्रै बिग्रेको टिप्पणी गरे ।

लामिछानेको यो अभिव्यक्ति खेदजनक छ । यो स्वतन्त्र पत्रकारितामाथिकै ठाडो चुनौती हो । आफूअनुकूल समाचार नलेखेकै आधारमा उनले सञ्चार क्षेत्रमाथि आधारहीन लाञ्छाना लगाउनु कदापि स्वीकार्य हुँदैन । विगतमा सञ्चारकर्ममा हुँदा राजनीतिक नेतृत्वमाथि गाली बर्साउने उनी अहिले राजनीतिमा होमिएपछि मिडियामाथि गाली बर्साउन लागेका छन् । यो कति पनि शोभनीय र स्वीकार्य हुँदैन ।

सञ्चारमाध्यमले उनी गृहमन्त्री हुँदा स्वार्थ बाझिने मन्त्रालयको जिम्मेवारी लिएको उल्लेख गरी समाचार प्रकाशन गरेका थिए । उनले अमेरिकी नागरिकता त्यागेर पुनः नेपाली नागरिकता प्राप्त गर्ने प्रक्रिया पूरा नगरेको आरोपमाथि गृह प्रशासनबाटै छानबिन चलिरहेको अवस्थामा सोही मन्त्रालयको नेतृत्वमा जानु सरासर गलत थियो । जुन कुरा सर्वोच्च अदालतको फैसलाबाट पुष्टि भइसकेको छ । सञ्चारमाध्यमले तथ्यमाथि टेकेर लेखेको समाचारअनुसार नै अदालतको फैसला आएको छ । तथ्यमै आधारित रहेर समाचार प्रकाशन/प्रसारण गर्दा मिडियामाथि खनिनुले उनमा आलोचनालाई स्वीकार गर्ने सामर्थ्य नभएको प्रस्ट देखाउँछ । हिजो अरुलाई चर्को स्वरमा आलोचना गरेर मिडियामा स्थापित भएका उनी आफैं आलोचना सुन्न तयार नहुनुले उनको घमण्डीपन थप छर्लंग भएको छ । त्यसो त उनी सञ्चारकर्मी हुँदा पनि उत्तिकै विवादित बनेका पात्र हुन् । अनुमगनकारी संस्थासँगसमेत उनको टकराव परेको थियो । उनको आफूभन्दा कसैलाई नगन्ने प्रवृत्ति हिजो सञ्चारकर्ममा हुँदा थियो र राजनीतिमा आएपछि पनि त्यसैलाई निरन्तरता दिए ।

पुनः नागरिकता नलिएको प्रकरणमा सर्वोच्चबाट दोषी ठहर भई उपप्रधान तथा गृहमन्त्री, पार्टी सभापतिलगायत पद एकसाथ गुमाएका उनले सर्वोच्चको फैसलापछि पुनः नागरिकता लिने प्रक्रिया पूरा गरेका थिए । रविले नागरिकता लिने प्रक्रिया पूरा नगरेको विषय सबैजसो सञ्चारमाध्यमले प्राथमिकताका साथ उठाएका थिए । त्यस कारण पनि उनले सञ्चारमाध्यममाथि आक्रोश पोखेका हुन् ।

सञ्चारमाध्यममा प्रकाशित समाचारमा चित्त नबुझे खण्डन गर्न सकिन्छ । तर, उनी खण्डनभन्दा पनि प्रतिशोध साँध्नतिर लागे, जुन गलत छ । परम्परागत दल र तिनका नेताबाट परिवर्तन सम्भव नभएको भन्दै राजनीतिमा होमिएका उनको यो व्यवहार र हर्कत उनी स्वयंका लागि घातक हुने निश्चित छ ।

## मननयोग्य

### चाणक्य नीति

जीवाक्षले भन्यो- 'त्यो संकेत आवाज मेरै थियो । म यी मित्रको उपकारी हुँ । यिनले आफ्नो प्राण संकटमा पारेर चाणक्यको दुर्भेद्य कारागारबाट छुटाए । यो प्रयासमा यिनी घायल भए । ईश्वरका कृपाले शत्रुका तीरबाट बल्लबल्ल बच्ची । यी पनि चाणक्यसँग प्रतिशोध लिने प्रतीक्षामा छन् । अवसर खोज्दै थिएँ यस्तैमा परमगुणी महामात्य राक्षससँग मेरो भेट गराउन यिनलाई लिई यहाँ आएको हुँ ।

विराध ती दुवैलाई लिई राक्षसकहाँ गयो । जीवाक्षले घटना भन्यो । राक्षसले खुसी हुँदै हामीलाई यो समयमा मित्रको अति आवश्यकता छ भने । सायद राक्षस त्यो रहस्यमय चाणक्यका रहस्यबाट परिचित थिएन ।

वास्तवमा सिंहका गुफामा प्रवेश गरे उसका रहस्य जान्न एक सामा चाल थियो यागको वास्तविकता थियो जीवनलाई छुटाउन पि ज्ञ व्यक्ति को एक विश्वस्त गुप्तचर थियो ।

यो चाणक्यको गोप्य गुप्तचरीको नै एउटा चमत्कार थियो । उनलाई मिनेट मिनेटको सूचना प्राप्त हुन्थ्यो । उनले आफ्ना मृत्युका मुखमा घुमाएर गुप्तभन्दा गुप्त रहस्यहरू पाउन तयार पारेका थिए। यसकै परिणामस्वरूप ने राक्षसद्वारा पुरु तथा मलय र अन्य पांच राजास पाटलीपुत्र (पटना) मा आक्रमण गर्ने सूचना पाएका थिए चाणक्यले ।

पाटलीपुत्र (पटना) को दरवार, सबै राजदवारिया आफ्ना स्थान अनुशासित भई बसिसकेका छन् । विगुलको स्वरसँगै उद्घोषको महाराज चन्द्रगुप्त आउदै हुनुहुन्छ भन्ने घोषणा सुनियो। अर्को घोषणा प तेजस्वी महानीतिज्ञ मगधका भाग्यविधाता महात्मा चाणक्य दरवारमा हुनुहुन्छ भन्ने पनि ।

एउटा बीर सेनापतिको जस्तो चालले चन्द्रगुप्त सिंहासनमा आई बसे । नजिकै भव्य सिंहासनमा बस्नुभन्दा पूर्व चारैतिर नजर लगाई हेरे आसनमा बस्दै बन्दीसेल्युकसलाई ससम्मान उपस्थित गराउने आदेश दिए । केहीबेरपछि सेल्युकस पराजित योद्धाजस्तै गर्दन झुकाई राज्यसभामा प्रवेश गर्‍यो । क्रमशः

# सरकारका प्रमुख तीन प्राथमिकता



▶▶ मनहरि तिमिल्सिना

> जबसम्म सबै नागरिकमा राज्य मेरो हो, मेरो अभिभावक हो, राज्यले हमेसा मेरो हकअधिकार र संरक्षणका बारेमा सोचिरहेको छ भन्ने अनुभूति हुँदैन, तबसम्म राजनीतिक प्रणालीप्रति जनविश्वास आर्जन गर्न सकिँदैन, लोकतन्त्रलाई सबल र सुदृढ बनाउन सकिँदैन । नागरिकलाई राज्य मेरो हो भन्ने अनुभूति हुनका निम्ति राज्यले नागरिकको सर्वोपरि हितलाई केन्द्रमा राखेर काम गर्नुपर्छ, त्यो कुरा सिद्धान्तमा नभएर व्यवहारमा प्रमाणित हुनुपर्दछ । लोकतान्त्रिक प्रणालीको सुदृढीकरणका निम्ति यो आधार भूत सवाल हो ।

देश र जनताको मुक्ति एवं परिवर्तनको आकांक्षासहित गरिएको जनयुद्ध र जनआन्दोलनले मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरित गरेको छ । नेपाली जनताको झण्डै ७५ वर्ष लामो बलिदानीपूर्ण संघर्षको परिणाम आज देशको राजनीतिक व्यवस्थामा गुणात्मक परिवर्तन आएको छ, राज्यको एकात्मक चरित्रमा फेरबदल आएको छ, पितृसत्तात्मक सोचमा परिवर्तन आई लैंगिक अधिकारसहित समानताको आधार स्थापित भएको छ । सामाजिक न्याय र समावेशी चरित्रको राज्य निर्माणको प्रक्रियाले तीव्रता पाएको छ ।

तर, बदलिएको राजनीतिक प्रणालीअनुरूप जनताको जीवन बदल्ने ऐतिहासिक कार्यभार हाम्रा सामु छ । भूकम्प, कोभिड महामारी, रुस-युक्रेन युद्धलगायत परिघटनाका कारण अर्थतन्त्रले अहिले पनि अप्ठरो परिस्थितिको सामना गरिरहेको छ । अर्कोतर्फ लोकतन्त्र र संविधानले पटकपटक चुनौतीपूर्ण परिस्थिति बेहोरेर सापेक्षित स्थायित्वतर्फ अग्रसर भइरहेको छ । यस्तो परिस्थितिमा प्राप्त उपलब्धिको रक्षा गर्दै थप प्रगतिका निम्ति लक्षित हुनु सिंगो राष्ट्रकै साझा कार्यभार हुन आएको छ ।

वि.सं. २०७९ मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनपश्चात् देशमा नयाँ परिस्थिति निर्माण भएको छ । स्पष्ट बहुमत नभएको त्रिशंकु संसद्को अंकगणितले प्रारम्भमा संसद्को दीर्घायुमाथि केही आशंकाहरू उब्जिएका थिए । त्रिशंकु संसद्का कारण सरकार नै गठन नभई के संसद्ले फेरि हठात् विघटनको सामना गर्नुपर्ला ? राजनीतिक दलहरूबीच सहमति र सहकार्य सम्भव होला ? देशमा राजनीतिक स्थिरताको वातावरण बन्ला ? यस्ता प्रश्नहरूको सामना गरिरहेको परिस्थितिमा अन्ततः माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल गत पुस १० गते मुलुकको ४४औं प्रधानमन्त्रीमा निर्वाचित भए । यसले यी यावत् आशंकाहरू निवारण भएका छन् ।

दाहाल प्रधानमन्त्रीमा निर्वाचित भएको पाँच हप्ता पूरा भएको छ । प्रधानमन्त्रीमा निर्वाचित भएपश्चात् उनले आफ्ना तीन प्राथमिकता निर्धारण गरेका छन्, जसमा सामाजिक न्याय, सुशासन र समृद्धि मुख्य छन् । प्रधानमन्त्रीले आफ्नो प्राथमिकता निर्धारणपछि त्यसको कार्यान्वयनका निम्ति जुन कदम चाल्नुभएको छ, त्यसमाथि आएका प्रारम्भिक प्रतिक्रियाहरू सकारात्मक छन् ।

सरकारको पहिलो प्राथमिकता हो सामाजिक न्याय । बदलिएको व्यवस्थासँगै अवस्था बदल्ने कुरा नै सामाजिक न्यायको खास अन्तर्य हो । राजनीतिक परिवर्तनको अनुपातमा जनताको जीवनमा जसरी परिवर्तन हुनुपर्ने हो, त्यसरी परिवर्तन हुन सकेको छैन, जसका कारण राजनीतिक प्रणाली र दलहरू पनि प्रश्नको घेराभित्र छन् । वि.सं. २०७९ को प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन त्यसको एक महत्त्वपूर्ण आधार हो ।

राजनीतिक परिवर्तनले उपरीसंरचनामा परिवर्तनको प्रतिनिधित्व गर्दछ । तर, आधार निर्माणको काम जनताको जीवनमा परिवर्तनका मुद्दाहरूमार्फत सम्बोधन हुने गर्दछ । यो कुरालाई केन्द्रमा राखेर नै प्रधानमन्त्रीले सामाजिक न्यायलाई पहिलो प्राथमिकतामा राखेका छन् ।

नेपालको संविधान २०७२ ले समाजवादउन्मुख राज्य निर्माणको संकल्प गर्दै प्रस्तावनामा नै त्ससम्बन्धी ठोस व्यवस्था गरेको छ । आजको सन्दर्भमा नेपाली विशेषताको समाजवादको अर्थ निजी स्वामित्वमाथि राज्यको हस्तक्षेपकारी भूमिकाद्वारा होइन, समन्वयकारी भूमिकामार्फत राष्ट्रिय पुँजीको विकास गर्ने र प्राप्त लाभांशको प्रगतिशील वितरणको विधि नै हो । त्यसका लागि हुनेहरूबाट राज्यले प्रगतिशील कर लिने र नहुनेहरूका लागि प्राथमिकताका साथ वितरण गर्ने विधि नै सबैभन्दा उत्तम विधि हो । यसको अर्थ राज्यको मूलप्रवाहबाट बहिस्करणमा परेका वर्ग, जाति, क्षेत्र, लिंग र समुदायका प्रतिनिधिहरूलाई प्राथमिकतामा राखेर सेवा प्रवाह र सामाजिक सुरक्षाको प्रत्याभूति गर्नु हो । त्यसरी मात्र समाजवादको अर्थ-राजनीतिक आधार निर्माण गर्न सकिन्छ ।

नेपालको संविधानले ३१ वटा हकलाई मौलिक हकको रूपमा सूचीकृत गर्दै सोहीअनुसार संघीय कानुन निर्माणको परिकल्पना गरेको छ । तर, संविधान व्यवस्था भएबमोजिमका संघीय ऐनहरू निर्माणमा ढिलाइ हुँदा मौलिक हकको व्यवस्थित कार्यान्वयन गर्ने कुरासमेत ओझेलमा परेको छ । यसतर्फ प्रधानमन्त्रीको गम्भीर ध्यानाकर्षण मात्र भएको छैन, संघीय कानुनहरूको निर्माणमार्फत अधिकतम प्रगतिशील कार्यान्वयनको प्रयत्न गर्न पनि संकल्पबद्ध छन् ।

जबसम्म सबै नागरिकमा राज्य मेरो हो, मेरो अभिभावक हो, राज्यले हमेसा मेरो हकअधिकार र संरक्षणका बारेमा सोचिरहेको छ भन्ने अनुभूति हुँदैन, तबसम्म राजनीतिक प्रणालीप्रति जनविश्वास आर्जन गर्न सकिँदैन, लोकतन्त्रलाई सबल र सुदृढ बनाउन सकिँदैन । नागरिकलाई राज्य मेरो हो भन्ने अनुभूति हुनका निम्ति राज्यले नागरिकको सर्वोपरि हितलाई केन्द्रमा राखेर काम गर्नुपर्छ, त्यो कुरा सिद्धान्तमा नभएर व्यवहारमा प्रमाणित हुनुपर्दछ । लोकतान्त्रिक प्रणालीको सुदृढीकरणका निम्ति यो आधार भूत सवाल हो ।

स्वास्थ्य, शिक्षा र रोजगारीको हक आम नेपालीको मौलिक हक हो । त्यसलाई कार्यान्वयन गर्न यथाशक्य संघीय ऐनहरूको निर्माण जरुरी छ । संघीय ऐनमार्फत शिक्षा, स्वास्थ्य र रोजगारीलाई सर्वसुलभ एवं व्यावहारिक प्रबन्ध गर्न आवश्यक छ । सरकारी विद्यालयहरूको सबलीकरण, निःशुल्क स्वास्थ्यको प्रबन्ध र आम रूपमा रोजगारीको सिर्जना हुन नसकेको परिस्थितिमा स्वरोजगारीमुखी कार्यक्रममार्फत मात्र हामीले उक्त कार्यभार पूरा गर्न सक्छौं ।

कोभिड महामारीपछि देशको अर्थतन्त्रले चुनौतीको सामना गरिरहेको छ । अर्थतन्त्रका सूचकहरू ओरालो लाग्दा त्यसको सबैभन्दा ठूलो असर निम्न वर्ग र मध्यम वर्गमा परिरहेको छ । उनीहरूको दैनिक जीवनसमेत कष्टकर बनिरहेको परिप्रेक्ष्यमा राज्यले अर्थतन्त्रलाई संकटबाट मुक्त गर्दै जनतामा आशाको रक्तसञ्चार गर्नुपर्ने परिस्थिति छ । यो सम्पूर्ण कार्यभारलाई प्रधानमन्त्रीले सामाजिक न्यायको रूपमा संश्लेषण गरेका छन् ।

सुशासन र सेवा प्रवाह सरकारको दोस्रो महत्त्वपूर्ण प्राथमिकता हो । त्यसका लागि राज्यप्रशासनको नीतिगत, संस्थागत, संरचनागत, प्रक्रियागत र व्यवस्थापकीय सुधार आवश्यक छ । यसलाई प्रधानमन्त्रीले आफ्नो दोस्रो प्राथमिकतामा राखेका छन् ।

राज्यको समग्र चरित्रको प्रतिविम्ब सरकारी कार्यालयमार्फत नागरिकले पाउने सेवा प्रवाहमा व्यक्त हुन्छ । नागरिकलाई नियमित रूपमा सेवा प्रवाह गर्ने सरकारी संरचनाले सेवाग्राहीहरूप्रति गर्ने व्यवहार कस्तो छ, उपलब्ध सेवाको द्रूतता र गुणस्तर कस्तो छ, सेवाका निम्ति सेवाग्राही अतिरिक्त भार र झण्झट बेहोर्नुपर्ने परिस्थिति छ या छैन ? यी सबै विषयबाट नै नागरिकले राज्यबारे धारणा निर्माण गर्छन् र अभिमत प्रकट गर्दछन् ।

प्रधानमन्त्रीले नेपाल सरकारका सचिवहरूलाई दिएको निर्देशन, प्रतिनिधिसभाबाट विश्वासको मत लिने क्रममा व्यक्त गरेका सम्बोधन र सरकारको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रम सार्वजनिक गर्ने क्रममा नै यसबारे आफ्नो धारणा प्रस्तुत गरिसकेका छन् । 'यसपटक कुनै नराम्रो काम गर्दिनँ, गर्न पनि दिन्नँ' भन्ने उनको अठोटभित्र नै सेवाप्रवाह र सुशासनको मर्म अन्तरनिहित छ । अस्पताल, सवारी चालक अनुमतिपत्र कार्यालय, राहदानी विभागलगायतका ठाउँमा देखिएका लामा-लामा लाइन र सेवाग्राहीले भोग्नुपरेका समस्याप्रति प्रधानमन्त्री जानकार छन् ।

देशभित्रै रोजगारीको अवसर सिर्जनामा अपेक्षित सफलता हासिल गर्न नसकिएको तीतो यथार्थ एकातर्फ छ भने अर्कोतर्फ वैदेशिक रोजगारीमा जाने नेपालीहरूले पनि अनेकौं झमेला बेहोर्नुपर्ने परिस्थिति पक्कै पनि हाम्रा लागि चुनौतीको विषय हो । यसलाई सम्बोधन गर्ने जिम्मेवारी पनि नेपाल सरकारको हो, जुन जिम्मेवारीप्रति प्रधानमन्त्री संवेदनशील छन् ।

सेवा प्रवाह र सुशासनका क्षेत्रमा अपेक्षित परिणाम हासिल गर्न प्रधानमन्त्रीले सिंहदरबारबाटै शासनको नेतृत्व गर्ने संकल्पमात्र गरेका छैनन्, सोबमोजिम आफ्ना दैनिक क्रियाकलापसमेत सञ्चालन गरिरहेका छन् । सरकारी बिदा र उपत्यकाबाहिर कार्यक्रम रहेका दिनबाहेक उनी प्रत्येक दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुगेका छन् । त्यहाँबाट नै सरकारका मन्त्री, सचिव, आयोगका पदाधिकारी र राज्यका अन्य संयन्त्रहरूसँग छलफल, अन्तरक्रिया र कार्यसम्पादनका निम्ति उत्प्रेरित गरिरहेका छन् । यसबाट छिट्टै सुखद् परिणाम आउनेमा हामी आशावादी छौं ।

प्रधानमन्त्रीले नेपाल सरकारका संयन्त्रहरूलाई निर्देशित मात्र गरेका छैनन्, निर्देशनको पालना भए/नभएको, काममा समस्या देखिएको/नदेखिएको विषयमा नियमित ब्रिफिङ गर्ने, कामको अनुगमन गर्ने, त्यसको मूल्यांकन गर्ने प्रक्रियाको सुरूआत पनि गरेका छन् । प्रधानमन्त्रीका हरेक निर्देशनलाई कार्ययोजनामा ढाल्ने प्रणालीको आरम्भ भएको छ, यसले निर्देशन दिनु केवल निर्देशनका लागि होइन, बढीभन्दा बढी सकारात्मक परिणाम दिनका निम्ति हो भन्ने तथ्य स्थापित हुनेछ ।


सरकारको तेस्रो र महत्त्वपूर्ण कार्यभार हो समृद्धि । विश्व अर्थतन्त्रले नै चुनौतीपूर्ण परिस्थितिको सामना गरिरहेको परिप्रेक्ष्यमा हाम्रो अर्थतन्त्रको संकट कसरी टार्न सकिन्छ ? तुलनात्मक लाभका क्षेत्रमा लगानी केन्द्रित गरेर व्यापार घाटामा कमी ल्याउन के-कस्तो भूमिका खेल्न सकिन्छ ? राष्ट्रिय आयका क्षेत्रहरूमा लगानी र त्यसको सुदृढीकरण कसरी गर्न सकिन्छ ? लगानीमैत्री वातावरणका निम्ति राज्यले नीतिगत, कानुनी, संस्थागत, संरचनागत र कार्यशैलीगत क्षेत्रमा कसरी सुधार गर्न सकिन्छ ? यी विषय पनि सरकारको प्राथमिकतामा छन् ।

राष्ट्रिय गौरवका आयोजनाहरूको स्थलगत निरीक्षण गरी फिल्डमा देखिएका समस्या तत्काल सम्बोधन गर्नेगरी प्रधानमन्त्रीले कार्यतालिका बनाउँदै छन् । यसले विकास र समृद्धिको क्षेत्रमा थप उपलब्धि हासिल हुनेछ । दोस्रो प्रधानमन्त्रीत्वकालमा उनले विकास र समृद्धिका क्षेत्रमा जे-जति योगदान गरे, जुन मानकहरू स्थापित भए, ती सबै नेपाली राजनीति र समृद्धिको इतिहासमा गुणात्मक प्रकृतिका छन् । ती अनुभवहरू समेतबाट शिक्षा लिँदै जनताको अपेक्षा सम्बोधन गर्न प्रधानमन्त्री प्रतिबद्ध छन् ।

राम्रो कामका निम्ति प्रोत्साहन र गलत नियत एवं क्रियाकलापहरूको निरूत्साहनद्वारा नै राज्यका सम्पूर्ण संरचनाहरूलाई व्यवस्थितरूपमा परिचालित गर्न सकिन्छ र सोमार्फत सरकारका प्राथमिकता सम्बोधन गर्न सकिन्छ भन्नेमा प्रधानमन्त्री प्रस्ट छन् । 'हाम्रा स्वतः राम्रा होइन, राम्राहरू हाम्रा हुन्' भन्ने मान्यता स्थापित गरेर आफ्नो तेस्रो कार्यकाल स्वर्णिम बनाउने प्रधानमन्त्रीको संकल्पमा सिंगो देशको प्रारम्भिक प्रतिक्रियासमेत निकै सकारात्मक देखिएको छ । तसर्थ, सरकारको प्राथमिकतामा अपेक्षित सफलता हासिल गर्न राजनीतिक दल, राज्यका सबै अंग र आम जनसमुदायको पनि सकारात्मक सहयोग र रचनात्मक खबरदारीको खाँचो छ । *रासस*

*(लेखक प्रधानमन्त्रीका प्रेस विज्ञ हुन्)*

# राम्रो व्यक्तिमा भगवान्को आँखा लागेपछि...



**रामहरि खतिवडा**
**प्रतिनिधिसभा सदस्य**

मानिस जन्मेपछि एक पटक मर्नैपर्ने हुन्छ । जन्मेर पनि केही मान्छे मरिरहेका हुन्छन् भने केही मानिस भौतिकरूपमा संसारबाट टाढिसकेका भएता पनि सदैव जीवितै रहिरहन्छन् । यसको एक उदाहरण कमलराज राई भएका छन् । र, उनको स्मृतिग्रन्थ प्रकाशन तथा वृत्तचित्र निर्माण गरेर यहाँहरूले उनलाई जीवित राख्ने काम गरिदिनुभएको छ, यसप्रति म सम्मान व्यक्त गर्न चाहन्छु ।

२०७० सालको निर्वाचनमा मलाई उनले धेरै सहयोग गरेका थिए । र, २०७४ सालमा चुनाव निजिकिँदै गर्दा कमलराजले आफ्नो पत्रिकामा एकातर्फ मेरो ठूलो फोटो र अर्कोतर्फ मेरा प्रतिस्पर्धीको सानो फोटो राखेर समाचार छापेका थिए । यसको अर्थ मेरो प्रतिस्पर्धी नै छैन भन्ने सन्देश दिन खोजेका थिए । त्यो पत्रिका उनी आफैंले ओखलढुंगाको गाउँगाउँमा पुऱ्याएका थिए । चुनावको बेला धेरैले पैसा लिएर काम गर्छन् तर कमराजले आफ्नै खर्चमा पत्रिका गाउँगाउँमा पुऱ्याए ।

कमलराज प्रजातन्त्रप्रति अटल आस्था र विश्वास राख्ने व्यक्ति थिए । जातीय संस्कार संस्कृतिलाई पनि सम्मान गर्ने, सबैलाई समेटेर गयो भने मात्रै राष्ट्रियता बलियो हुन्छ भन्ने प्रस्ट विचार बोक्ने व्यक्ति थिए । उमेरले मानिस सानो भएता पनि परिपक्व विचार, इमान्दारिता र लगनशीलता जस्ता कुराको उनमा कुनै कमी थिएन । उनीजस्तो परिपक्व, इमान्दार र लगनशीलता भएको व्यक्तिमा भगवान्को पनि आँखा लागेको हो कि ? हुन त, संसारमा हरेक कुरा राम्रो नै सबैलाई मनपर्ने हुन्छ । राम्रो फूल देख्यो भने हाम्रो नजर पनि त्यसैमा जान्छ । कमलराजलाई पनि राम्रो देखेर भगवान्को नजर लागेको हुनसक्छ ।

उनले हिजोको दिनमा गरेका जे-जति कामलाई मर्न नदिनका लागि म आग्रह गर्न चाहन्छु । उनको स्मरणका लागि उन पढेको स्कुलमा वार्षिकरूपमा सधैं स्मरण हुने कार्यक्रम तयार गर्नुपर्छ, त्यसमा लाग्नुहोला । म आफ्नोतर्फबाट पनि त्यसमा सहयोग गर्न तयार छु, म प्रतिबद्धता जनाउँदछु ।

ओखलढुंगा जिल्लाभित्र नै विभिन्न जातजातिका मानिसहरू रहेका छन् । सो समाजमा जातीय राजनितिको कुरा उठिरहेको समयमा एकल हैन सामूहिकतामा मुलुक चल्नुपर्छ भन्ने भवनाको विकास कमलराजले गरेका थिए । आज हाम्रो समाजमा हामी भन्ने शब्दको विनास हुँदै गएको पाउँछौं । जहाँ म हैन, हामी भन्ने शब्दको विकास




**सम्झनामा स्व. कमलराज राई**

गर्ने हो भने मात्र जातजाति, भाषा, धर्म, रीतिरिवाज, चालचलन, संस्कार र संस्कृतिलाई बचाउन सके मात्र नेपाल बलियो हुन्छ भन्ने भावनाको विकास गराउन कमलराजको भूमिका थियो । यसलाई सबैले सकारात्मकरूपमा लिन जरुरी छ । मानिस जन्मन्छ, मर्छ, त्यो स्वाभाविक नै हो । तर, जन्मदेखि मरनसम्मको समयमा समाजमा योगदान के कस्तो छ भन्ने कुराले महत्त्व राख्ने गर्दछ । कमलराजको योगदान सदैव सम्झनामा रहिरहनेछ ।

*(सांसद खतिवडाले प्रभाव दैनिकका स्वर्गीय सम्पादक कमलराज राईको प्रथम स्मृति दिवसको अवसरमा आयोजित समारोहमा व्यक्त विचारको सम्पादित अंश)*

# 'बाधा अड्काउ फुकाउ आदेश' पेस

**काठमाडौं (प्रस)-** प्रतिनिधिसभामा 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग, २०७१ को दफा ४२ बमोजिमको बाधा अड्काउ आदेश' पेस भएको छ ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री ध्रुवबहादुर प्रधानको तर्फबाट खानेपानीमन्त्री अब्दुल खानले मन्त्रिपरिषद्बाट जारी भएको सो आदेश सदनमा पेस गरेका हुन् ।

आदेशमा आयोगको कार्यविधि म्याद आगामी असार मसान्तसम्म थप गर्ने विषय उल्लेख छ। आयोगको म्याद गत असोज मसान्तसम्म मात्र थियो । गत साउन २८ गते सरकारले आयोगको म्याद थप गर्ने निर्णय गरेको थियो ।

**सांसद चौधरी पक्राउबारे सदनलाई जानकारी**

यसैबीच प्रतिनिधिसभा सदस्य अरुणकुमार चौधरी पक्राउ परेको जानकारी सदनलाई गराइएको छ । प्रतिनिधिसभाको आइतबारको बैठकमा सभामुख देवराज घिमिरेले सो जानकारी गराएका हुन् ।

सांसदलाई पक्राउ परेका अवस्थामा प्रतिनिधिसभा नियमावली, २०७५ को नियम २४४ को उपनियम (१) बमोजिम सदनलाई जानकारी गराउनुपर्ने व्यवस्था छ ।

# 'लोकतान्त्रिक अभ्यास गरौं'

**काठमाडौं (प्रस)-** नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले परिपूर्ण लोकतन्त्रको अभ्यास गर्न सबै राजनीतिक दललाई आह्वान गरेका छन् ।

प्रतिनिधिसभाको आइतबारको बैठकको विशेष समयमा बोल्दै अध्यक्ष ओलीले सधैं र जस्तोसुकै विधि अपनाएर सत्तामा पुग्ने खेलले लोकतन्त्रलाई सुदृढ तुल्याउन नसक्ने बताए । उनले भने, 'सत्ताका लागि नभई सुशासन, भ्रष्टाचार न्यूनीकरणका लागि साझा सहमति कायम गर्न सकिन्छ ।'

बहस र तर्कले जनताको पेट नभरिने र उद्योग पनि नफस्टाउने भन्दै उनले प्रश्न गरे, 'कहिले देश र जनताप्रति इमान्दार भएर राजनीति गर्ने ?' बदलिँदो अवस्थामा राजनीतिक दल र सरकार नयाँ ढंगले अघि बढनुपर्नेमा जोड दिँदै अध्यक्ष ओलीले राजनीति स्थिर भएन भने नागरिक र लोकतन्त्रमा असरपर्ने धारणा राखे ।

वर्तमान सरकारलाई आफूहरूले पूर्ण र रचनात्मक सहयोग गर्ने उल्लेख गर्दै उनले राजनीतिक स्थायित्वका लागि अपिल गरे । अध्यक्ष ओलीले आफ्नो नेतृत्वको सरकारले देशको विकास र समृद्धिमा खेलेको भूमिका र प्राप्त उपलब्धिबारे जानकारी गराउँदै कमजोर बन्दै गएको आर्थिक अवस्था उकास्न गठबन्धनको सरकारले भूमिका खेल्ने बताए ।

## कांग्रेस पछि...

पृष्ठ १ बाट जारी

राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले सोमबार १२ बजे उपाध्यक्ष चयनका लागि मिति निर्धारण गरेका छन् । आइतबार ४ बजेसम्म प्रस्ताव दर्ता गर्ने र अपराह्न ४:१५ बजे उम्मेदवारीको सूचना दर्ता क्रमअनुसार सूची प्रकाशन गर्ने कार्यक्रम तय भएको छ ।

राष्ट्रिय सभाको बैठकमा यही माघ २३ गते 'उपाध्यक्ष पदमा निर्वाचित गरियोस्' भनी प्रस्तावक सदस्यले प्रस्ताव प्रस्तुत गर्ने कार्यक्रम तय भएको छ । समर्थकले समर्थन गर्ने र उम्मेदवारीको प्रस्तावमा संक्षिप्त छलफल हुने र दर्ता क्रमअनुसार निर्णायार्थ पेस गरिनेछ ।


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक २६९ माघ १५ गते २०७९ मा प्रकाशित G.R. International Employment Pvt. Ltd. को Lot No. 280112 को विज्ञापनमा Blue Ribbon Labor Supply Services कम्पनीको अन्तरवार्ता मिति: २०७९/१०/२२ देखि २०७९/१०/२९ (5th-12th Feb, 2023) हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराइन्छ ।

G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD.
Samakhusi-29, Kathmandu, BAGMATI Tel : +977-1-4989945, Mobile No: 9841866145, 9802344075, E-mail: gremploymentnepal@gmail.com



## कर्मचारी हटाइएको सम्बन्धी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर ११६८/०७३/०७४ यस Minawa Recruitment H.R. Pvt. ltd. मा कार्यरत तपशील पदमा कार्यरत कर्मचारीहरुले आफ्नो व्यक्तिगत समस्याका कारण कार्यालयलाई समय दिन नसक्ने भनी तपशील मितीमा राजीनामा दिएकाले आवश्यक प्रक्रिया पुरा गरी कर्मचारी हटाइएको दाबी विरोध सम्बन्धी ७ दिने सूचना प्रकाशन गरिएको छ । निज व्यक्तिहरुसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

| नाम थर | नागरिकता प्रमाणपत्र नं. | ठेगाना |
|---|---|---|
| रमिता गुरुङ | ५४०१-७२-०१२६७ | लिबाङ ९, रोल्पा |
| राइमान कटुवाल | ०७३००४/२१ | चौबिसे ८, धन्कुटा |
| रेन्बो राई | १४३००८/५९८ | बेल्टार २, उदयपुर |
| रेखा राई | ६५४०९/६९८ | पन्चकन्या ६, ईलाम |
| उशा राई | ७८५२० | बेल्टार २, उदयपुर |

MINAWA RECRUITMENT H.R. PVT LTD
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal, T: +977-01-4112754
Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०७९/१०/२३**

यस मनिकापुर सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०७८/०७९ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको साल जातको बिभिन्न ग्रेडको गोलिया थान ५४ को ४६३.५१ घ.फि. गोलिया काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानू पर्ने गरी लिलाम बिक्री गर्नूपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नू हून जानकारी गराईन्छ । पूर्ण ब्यहोराको सूचना यस समुहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री मनिकापुर सामुदायिक वन उपभोक्ता समूह**
**बारबर्दिया नगरपालिका-६ मनिकापुर बर्दिया**



## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस Humour Overseas Pvt. Ltd. (ई.प.नं.७७७/०६५/०६६)मा Nabin Maharjan ले Accountant र Nilam Rai ले Receptionist पदमा यस प्रा. लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण उहाँहरूले राजीनामा दिनु भएको हुनाले निज व्यक्तिहरूसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Humour Overseas Pvt. Ltd. श्रम इजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email: humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HERAF CO FOR CARPENTRY & BLACKSMITH WORKS SPC
पूर्व स्वीकृति मिति : २०७९/१०/२२ | LT. No. 280536 | चलानी नं. ६०१९६०९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter / Assistant Carpenter | 24 | 0 | 130 | ५३,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HI-DOO RESTAURANTCO.
पूर्व स्वीकृति मिति : २०७९/१०/२२ | LT. No. 280533 | चलानी नं. ६०१९६०९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker / Waiter | 6 | 6 | 150 | ६२,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RELAX PROFESSIONAL SALOON FOR LADIES COMPANY
पूर्व स्वीकृति मिति : २०७९/१०/२२ | LT. No. 280534 | चलानी नं. ६०१९६०९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Vehical Driver | 8 | 0 | 135 | ५८,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FOOD CIRCLE RESTAURANTS COMPLEX CO W.L.L.
पूर्व स्वीकृति मिति : २०७९/०५/०२ | पुन विज्ञापन स्वीकृति मिति: २०७९/१०/२२ | LT. No. 269918 | चलानी नं.६०१८५६८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Body Builder Trainer | 5 | 0 | 170 | ७०,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 4 | 4 | 130 | ५३,९७५ | | | | | | | |
| 3 | Chef Assistant / Preparer | 20 | 0 | 120 | ४९,८२५ | | | | | | | |
| 4 | Cleaner (Indoor) | 10 | 0 | 90 | ३७,३६५ | | | | | | | |
| 5 | Coffee Maker / Juice Maker | 2 | 2 | 130 | ५३,९७५ | | | | | | | |
| 6 | Cook | 6 | 0 | 150 | ६२,२८० | | | | | | | |
| 7 | Fitness Trainer | 5 | 0 | 170 | ७०,५८० | | | | | | | |
| 8 | Swimming Trainer | 5 | 0 | 170 | ७०,५८० | | | | | | | |
| 9 | Waiter/waitress | 4 | 4 | 130 | ५३,९७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १ गते (13th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com, Website : www.omeganepal.com



## साउदी/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH BIN MANSOUR BIN ABDULLAH AL MONAE RESTAURANT FOR SERVING MEAL.
पूर्व स्वीकृति मिति : २०७९/१०/२२ | LT. No. 280545 | चलानी नं. ६०१९६०६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १ गते (13th Feb. 2023) मा हुनेछ ।

कम्पनी : ALMAS CLEAN GEN CONT CO FOR CLEANING OF BUILDINGS
पूर्व स्वीकृति मिति : २०७९/१०/२२ | LT. No. 280558 | चलानी नं. ६०१९६०६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Indoor) | 0 | 10 | 110 | ४८,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १ देखि ३ गते (13-15th Feb. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Munal Overseas Pvt. Ltd. श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PENGEDAR USAHA MEGAH SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति:२०७९/१०/१६ | LT. No. 265249 | चलानी नं.60181621

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Wholesale and retail Job | 15 | 0 | 1500 | ४६,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २४ गते (7th Feb. 2023) मा हुनेछ ।

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**BIGYAN HR MANAGEMENT PVT. LTD.**
Govt. License 1503/074/75
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477, 9862433489



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **INTEGRATED BUILDING GENERAL CONTRACTING EST**
पूर्व स्वीकृति मिति २०७९/०८/२५ पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/२२ LT. No277540 चलानी नं. ६०१९३१०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A Builder | 2 | 0 | 1200 | ४२,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Pickup Truck Driver | 1 | 0 | 1500 | ५२,८२५ | | | | | | | |
| 3 | PLUMBER | 1 | 0 | 1200 | ४२,२६० | | | | | | | |

कम्पनी : **ERSA ELBENA FOR OPERATION AND MAINTENANCE**
पूर्व स्वीकृति मितिः २०७९/०८/०६ पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/२२ LT. No.276214 चलानी नं. ६०१९१६३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Paved | 1 | 0 | 1200 | ४२,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **AL-EZZ UNITED BEVERAGE SERVICE COMPANY, ONE PERSON COMPANY**
पूर्व स्वीकृति मिति :२०७९/१०/२२ LT. No. 280386 चलानी नं. ६०१९६०६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Utensil Cleaning Agent | 2 | 0 | 1500 | ५२,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **ASRAR AL-TAYSEER FOUNDATION FOR CARS**
पूर्व स्वीकृति मिति :२०७९/१०/२२ LT. No. 280524 चलानी नं. ६०१९६०६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | vehicle cleaner | 1 | 0 | 1000 | ३५,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ २४ गते (7th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **GLOBALCAST TECHNOLOGY SDN.BHD.**
पूर्व स्वीकृति मिति : २०७९/०४/२० पुन विज्ञापन स्वीकृति मितिः २०७९/१०/२२ LT. No. :268660 चलानी नं. ६०१८४५६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 1 | 0 | 1500 | ४६,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **L & T HYDROCARBON SAUDI COMPANY**
पूर्व स्वीकृति मिति : २०७९/०८/२० पुन विज्ञापन स्वीकृति मितिः २०७९/१०/२२ LT. No. 277148 चलानी नं. ६०१९३४६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 30 | 0 | 1000 | ३५,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन १ गते (13th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.**
Govt. License 938/067/068
Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SUNCITY FOOD MEALS PREPARATION W.L.L.**
पूर्व स्वीकृति मिति २०७९/१०/२२ LT. No. 280580 चलानी नं. ६०१९६०७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 10 | 5 | 135 | ५८,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Indoor Cleaner | 3 | 0 | 95 | ४१,२८० | | | | | | | |
| 3 | Service Crew | 40 | 10 | 125 | ५४,३१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन १ गते (13th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Amal Overseas Pvt. Ltd.**
Govt. License No. 1345/074/075
Samakhusi-26, Kathmandu, Nepal +977-1-4360015, 4366061
E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com
Website : alamaloverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ARCHITECTURAL PILLARS APARTMENTS FOR RESIDENTAIL UNITS**
पूर्व स्वीकृति मिति २०७९/०८/०७ पुन विज्ञापन स्वीकृति मिति:२०७९/१०/२२ LT. No. 275951 चलानी नं. ६०१९१८४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1200 | ४२,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **AFAQ PROFESSIONAL CARTOON FACTORY**
पूर्व स्वीकृति मिति २०७८/१२/२४ पुन विज्ञापन स्वीकृति मिति:२०७९/१०/२२ LT. No. 260922 चलानी नं. ६०१७७५१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Worker | 4 | 0 | 1000 | ३५,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **MOHAMMED FAHAD AL AJMI CONS CO. FOR TRANSPORTATION L.L.C**
पूर्व स्वीकृति मिति २०७९/०८/२० पुन विज्ञापन स्वीकृति मिति:२०७९/१०/२२ LT. No. 277223 चलानी नं. ६०१९२८४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 6 | 0 | 1900 | ६६,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Tyre Man | 1 | 0 | 1500 | ५२,८२५ | | | | | | | |

कम्पनी : **ABDUL LATIF ABDULLAH AL-FARIS AND SONS TRADING COMPANY**
पूर्व स्वीकृति मिति : २०७९/०८/२६ पुन विज्ञापन स्वीकृति मिति:२०७९/१०/२२ LT. No. 277605 चलानी नं. ६०१९३२१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Worker | 1 | 0 | 1100 | ३८,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन १ गते (13th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SEPAKAT HIDAYAH SERVICES SDN BHD**
पुर्व स्वीकृति मिति २०७९/१०/२२ LT No :280516 चलानी नं. ६०१९६०३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 10 | 0 | 1500 | ४६,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **ELITE FUTURE BEVERAGE COMPANY**
पुर्व स्वीकृति मिति २०७९/०७/२३ पुन विज्ञापन स्वीकृति मिति:२०७९/१०/२२ LT No :275341 चलानी नं. ६०१९०८३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 5 | 0 | 1000 | ३५,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **IKHTIAR ASSAFWA FOOD FACTORY**
पुर्व स्वीकृति मिति २०७९/१०/२२ LT No :280557 चलानी नं. ६०१९६०३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload And Download Labor | 8 | 0 | 1000 | ३५,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन १ गते (13th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Alfarooque Overseas Pvt .Ltd.**
श्रम ईजाजत नं: १२६०/०७४/७५
Basundhara, (Infront of police station), Kathamandu, Nepal
Phone No: 01-4961373 Mobile : 9843653970, 9816660911, 9841425478
E-mail.: farukkhan650@gmail.com, www.alfarooqueoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ARABIAN FAL LIMITED COMPANY**
पूर्व स्वीकृति मिति २०७९/०९/१२ पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२२ LT. No. :278345 चलानी नं. ६०१९३८४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 15 | 0 | 1800 | ६३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन १ गते (13th Feb. 2023) मा हुनेछ ।

कम्पनी : **DAR AL-AKEELI COMPANY FOR CONTRACTING LLC**
पूर्व स्वीकृति मिति २०७९/०७/१४ पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२२ LT. No. 274535 चलानी नं.६०१९००९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 40 | 0 | 1000 | ३५,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन ३ गते (15th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
श्रम ईजाजत नं. १३०५/०७४/०७५
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला - १०४१०० | प्रति तोला - १०३६०० | प्रति तोला - १३२०

# अस्ताए संस्थापक गभर्नर राणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकका पहिलो गभर्नर हिमालयशम्शेर राणाको निधन भएको छ । थापाथलीस्थित नर्भिक अस्पतालमा उपचारका क्रममा आइतबार बिहान निमोनियका कारण ९५ वर्षका उमेरमा उनको निधन भएको पारिवारिक स्रोतले जनाएको छ ।

लामो समयदेखि स्वासप्रश्वासको समस्या झेल्दै आएका राणा उपचारका लागि केही दिनअघि त्यहाँ भर्ना भएका थिए । हिमालय बैंकका संस्थापक राणा नेपालको पहिलो अर्थसचिवसमेत थिए । पछिल्लो समय उनी नागरिक समाजको अगुवाका साथै आमनिर्वाचन पर्यवेक्षक समितिका संस्थापकका रूपमा क्रियाशील थिए । उनको आइतबार नै पशुपति आर्यघाटमा दाहसंस्कार गरिएको छ । उनका दुई छोरा र दुई छोरी छन् ।



# हिमाल जस्तै अग्लो कदका हिमालय शमशेर

■ कमलकुमार बस्नेत

**काठमाडौं–** हिमालय शमशेर जबराको सबैले चिन्ने परिचय नेपाल राष्ट्र बैंकको प्रथम गभर्नर हो । तर यतिमा मात्रै उनको परिचय सीमित छैन । राणाले नेपालको पहिलो अर्थसचिव थिए भने कूटनीतिक क्षेत्रमा अन्तर्राष्ट्रिय रूपमा नै आफ्नो पहिचान बनाएका छन् । जबराले नेपालको अर्थतन्त्र, समाज, कूटनीतिलगायतका क्षेत्रमा हिमाल जस्तै अग्लो कद बनाएका छन् ।

मुलुकको अर्थतन्त्र र कूटनीतिक क्षेत्रमा पहिचान बनाएका राणाको ९५ वर्षको उमेरमा आइतबार निधन भएको छ । निमोनियाबाट पीडित उनको थापाथलीस्थित नर्भिक अस्पतालमा उपचारका क्रममा निधन भएको हो ।

पिता जर्नेल लक्ष्मण शमशेर जबरा र माता विजयालक्ष्मीको कोखबाट सन् १९२८ जनवरी १० मा जन्मिएका राणाले भारतको बम्बईस्थित स्कुल अफ इकोनोमिक्स एण्ड सोसिओलोजीबाट अर्थशास्त्रमा स्नातकोत्तर तह पूरा गरेका थिए । सन् १९५० मा अर्थमन्त्रालयको सचिवका रूपमा काम सुरु गरेका जबरा सन् १९५१ मा नेपाल बैंकमा महानिर्देशक भए । उनले सन् १९५६ मा नेपाल राष्ट्र बैंकको पहिलो गभर्नरका साथै सन् १९६२ देखि १९६४ सम्म संयुक्त राष्ट्रसङ्घको न्यूयोर्कस्थित कार्यालयमा प्रोग्राम अफिसर/प्रोजेक्ट अफिसरका रूपमा काम गरे ।

जबराले युएनडिपीमा रहेर सन् १९६४-१९७२ सम्म श्रीलंका र अफगानिस्तान, सन् १९७२-१९७७ सम्म म्यानमारमा, सन् १९७७-१९८१ सम्म इन्डोनेसिया र सन् १९८१ देखि १९८६ सम्म पाकिस्तानमा काम गरेका थिए । साथै उनी राष्ट्रिय विकास परिषद् सदस्य, गोर्खा ब्रुअरीको अध्यक्ष, हिमालयन बैंकको संस्थापक तथा अध्यक्ष, नेपाल विद्युत् प्राधिकरणको बोर्ड सदस्य, नेपाल इन्टरनेशनल सेन्टरको अध्यक्ष, निर्धन उत्थान बैंकको अध्यक्ष, देव शमशेर जबरा सन्तति प्रतिष्ठानको कोषाध्यक्ष, नेपाल उद्योग परिसङ्घको सल्लाहकारका साथै विभिन्न सङ्घ तथा संस्थासँग आबद्ध थिए ।

### राजनीतिमा प्रवेश

सन् १९४४ मा अध्ययनका लागि भारतको बम्बई पुग्नुभएका जबरालाई त्यहाँ बस्दा राजनीतिप्रति रुचि बढिसकेको थियो । भारतमा महात्मा गान्धीको नेतृत्वमा अंग्रेजविरुद्ध 'भारत छोडो' अभियान बढ्दै थियो । बम्बईमा उनी छात्रवासमा बसे । नेपाल र भारतमा भइरहेको राजनीतिक उथलपुथलका कारण उनी राजनीतिमा आकर्षित भएका थिए ।

जबराले २००५ सालमा प्रजातान्त्रिक कांग्रेसको सदस्यता लिएर २००७ सालसम्म भूमिगत भइ काम गरे । भारतमा स्नातककोत्तर तह उत्तीर्ण गरेपछि उनी नेपाल फर्किए । नेपालमा प्रजातन्त्र आइसकेपछि जबरा नेपाल फर्किएका हुन् ।

### पहिलो अर्थसचिव

नेपाल फर्केपछि जबराको भेट तत्कालीन अर्थमन्त्री सुवर्ण शमशेरसँग भयो । प्रजातान्त्रिक आन्दोलनमा ठूलो भूमिका निर्वाह गरेका सुवर्ण धनी पनि थिए । उनलाई अर्थमन्त्रालयमा स्नातकोत्तर उत्तीर्ण गरेको व्यक्ति चाहिएको थियो । तत्कालीन समयमा स्नातकोत्तर उत्तीर्ण गर्ने मुलुकमा जम्मा चार जना थिए ।

अर्थशास्त्रमा जबरा, लीलाप्रसाद लोहनी र परीक्षितनरसिंह राणा तथा वाणिज्यशास्त्रमा कृष्णराज भण्डारी स्नातकोत्तर उत्तिर्ण गरेका थिए । उनीहरू चार जनाले नै २००७ साल फागनुदेखि अर्थमन्त्रालयमा काम गर्न थालेका थिए । काम थालेको दुई महिनामा कार्यसम्पादनका आधारमा जबरा अर्थसचिव भए । उनले प्रथम अर्थसचिवका रूपमा २०१२ सालसम्म काम गरे ।

### पहिलो बजेट

जबरा अर्थसचिव भएपछि पहिलो पटक बजेट ल्याइएको थियो । तत्कालीन समयमा आम्दानीको स्रोत मालपोत कार्यालयमा आकाशवाणीबाट सन्देश पठाएर आम्दानीको विवरण संकलन गरिएको थियो । पहिलो बजेट सुवर्ण शमशेरसँग मिलेर बनाएपछि उनले त्यसपछिका तीन बजेट आफैँले बनाए ।

### कर फिर्ताको प्रस्ताव

विसं २००८ मा तत्कालिन प्रधानमन्त्री मातृकाप्रसाद कोइराला भारत भ्रमणमा जाँदा अर्थसचिव जबरा पनि सँगै थिए । उनले भ्रमणका क्रममा भारतीय नेताहरूसमक्ष त्यहाँ उत्पादन भई नेपाल ल्याइने वस्तुमा भारतले पहिले नै कर लिइसकेकाले नेपालीहरू दोहोरो करको मारमा परेको विषय उठान गरेका थिए । उक्त प्रस्ताव कार्यान्वयन हुन चार वर्ष लाग्यो । फलस्वरूप भारत सरकारले पहिले उठाएको कर रिफन्ड गर्न थाल्यो र नेपालले वार्षिक रू तीन करोड प्राप्त गर्न थाल्यो ।

### नेपाल राष्ट्र बैंक स्थापना

तत्कालीन अर्थपरामर्श दाता सरदार गुञ्जमान सिंहले जबरालाई एक दिन याट्खास्थित घरमा बोलाउनुभयो र केन्द्रीय बैंक स्थापना गर्ने योजना सुनाए । तत्कालीन राजा महेन्द्र शाहले नेपाल राष्ट्र बैंकको नामले केन्द्रीय बैंक स्थापना गर्ने निर्णय गरिसकेको र बैंकको ऐन मस्यौदा बनाउन र गभर्नरको प्रस्ताव जबरासमक्ष आयो ।

जबराले प्रस्ताव स्वीकार गर्दै भारत, अष्ट्रेलिया, क्यानडालगायत मुलुकमा भएको केन्द्रीय बैंकको ऐन अध्ययन गरी राष्ट्र बैंकको स्थापनाको काम सुरु गरे । गभर्नरका रूपमा तलब मासिक आठ सय हुन्थ्यो । तत्कालीन समयमा अर्थ मन्त्रालयको बुँइगलबाट सबै काम हुन्थ्यो । सुरुमा कुर्सी र टेबुल नहुँदा सबै जना गद्दिमा बसेर काम गर्नुपरेको थियो ।

राष्ट्र बैंकको स्थापनापछि गोविन्दप्रसाद लोहनी अनुसन्धान विभाग प्रमुख र रामराज तुलाधर बैंकिङ कार्यालय प्रमुखमा नियुक्त भएका थिए । सुरुमा हालको विशाल बजार नजिकको एउटा घर भाडामा लिई केन्द्रीय कार्यालय स्थापना गरिएको थियो । बैंकिङ कारोबारका लागि मुलुकीखाना र कौसीतोपखाना उपलब्ध भयो भने नोट विभागका लागि केन्द्रीय कार्यालय नजिकको अर्को घर पनि भाडामा लिइएको थियो ।

### नेपाली नोटको चलन र सटही दर

तत्कालीन समयमा तराईमा नेपाली मुद्रा चलनचल्तीमै थिएन । मालपोत र अध्यागमनमा पनि भारतीय मुद्रा नै चल्थ्यो । यस्तो अवस्थामा भारतीय मुद्राको साटो नेपाली नोट चलनचल्तीमा ल्याउनु निकै चुनौतीपूर्ण काम थियो । यसका लागि तीन वर्षसम्म जबराले काम गरे । नेपाली मुद्रा र भारतीय मुद्राको सटही दर स्थिर नहुँदासम्म नेपाली मुद्रा चलनचल्तीमा ल्याउन गाह्रो हुने निष्कर्षपछि जबराको पहलमा इलामदेखि पश्चिमसम्म विभिन्न सटही केन्द्र सुरु गरिएको थियो । तीन वर्षको अध्ययनपछि भारतीय १०० बराबर नेपाली मुद्रा रू १६० कायम हुने गरी सटही दर निर्धारण गर्ने सहमति भयो । जुन आजसम्म पनि कायमै छ । *रासस*

## राणाबारे पूर्वगभर्नरहरूको भनाइ...

### 'प्रतिकूल अवस्थामा अनुकरणीय काम गर्नुहुने व्यक्ति'



डा. तिलक रावल

जुनबेला उहाँ राष्ट्र बैंकको गभर्नर हुनुभयो, त्यो बेला नेपालको वित्तीय क्षेत्र नाजुक थियो । नेपालको आफ्नो मुद्रा धेरै चलनचल्तीमा थिएन । भारतीय मुद्रा नै बढी प्रचलनमा थियो । निकै कठिन स्थिति थियो । त्यस्तो प्रतिकूल अवस्थामा पनि उहाँले निकै अनुकरणीय काम गर्नुभयो र त्यसलाई सफलरूपमा अघि बढाउन सक्नुभयो ।

वित्तीय क्षेत्रमा उहाँले राष्ट्र बैंकको प्रथम गभर्नरका रूपमा काम गर्नुभयो । उहाँ हामीलाई सधैँ प्रोत्साहन गर्ने र राम्रो सल्लाह दिने व्यक्ति हुनुहुन्थ्यो । वित्तीय क्षेत्रमा पनि उहाँ निकै सक्रिय रहनुभयो । निजी क्षेत्रका बैंक अहिले हामीले जुन अवस्थामा देखिरहेका छौँ, ती संस्था ल्याउनमा पनि उहाँको ठूलो योगदान छ । नेपाल राष्ट्र बैंकको गभर्नरका रूपमा काम गरिसकेपछि उहाँ संयुक्त राष्ट्र सङ्घको कार्यक्रममा पनि जानुभयो । लामो समयसम्म बाहिरै बस्नुभयो । त्यहाँ पनि उहाँले आफ्नो राम्रो कामबाट इज्जत, प्रतिष्ठा कायम गर्नुभयो । उहाँबाट हामीले धेरै कुरा सिक्ने अवसर पायौँ । व्यक्तिगतरूपमा उहाँसँग मेरो भेटघाट भइरहन्थ्यो । सधैँ राम्रो व्यवहार गर्नुभयो । गभर्नरका रूपमा मैले काम थालेको नौ महिनामै हटाइएपछि म अदालत गएँ । त्यो बेलामा धेरै मानिसले सरकारको उक्त कदमको आलोचना गरेका थिए । त्यसमध्ये राणा पनि एक हुनुहुन्थ्यो ।

### 'व्यावहारिक र दूरदर्शी नीति निर्माता'



दीपेन्द्रबहादुर क्षेत्री

यो दुःखद् घटनाबारे बिहान थाहा पाए । उहाँ समग्र राष्ट्र बैंक परिवारको अविभावकका रूपमा रहनुभएको थियो । उहाँको उमेरका कारणले मात्र होइन धेरेका लागि प्रेरणाको स्रोत पनि हुनुहुन्थ्यो । राष्ट्र बैंक स्थापनाका लागि उहाँले जुन तत्परता देखाउनुभयो र परिश्रम गर्नुभयो त्यसबाट आएको प्रतिफल हेर्ने हो भने समग्र देशले नै लाभ लिएको छ ।

विसं २०१२/१३ सालअघि नेपालमा भारतीय रूपैयाँको चलनचल्ती बढी थियो । उहाँले गैरमुद्रा प्रणालीलाई नियमित गर्नु आवश्यक रहेको भन्दै भारतीय मुद्रासँग नेपाली मुद्राको विनिमयदर कायम गर्नका लागि अध्ययन गर्न लगाउनुभयो । त्यतिबेला भारतीय र नेपाली मुद्राको जुन विनिमय दर कायम भएको थियो त्यो अहिले पनि कायमै छ । यद्यपि, बीचमा केही तलमाथि पनि भयो । विसं २०१३ मा कायम गरिएको विनिमयदर अहिले २०७९ सालसम्म पनि कायम भइरहेको छ भने कति दूरदर्शी र व्यावहारिक भएर त्यो निर्णय गरिएको थियो भन्ने बुझ्न सकिन्छ । राष्ट्र बैंकले अध्ययन समिति बनाएर विभिन्न ठाउँमा अध्ययन गरेपछि एक सय भारतीय रूपैयाँ बराबर एक सय ६० नेपाली रूपैयाँ कायम गर्ने भनेर उहाँले नै निर्णय गर्नुभएको थियो ।

### 'असल प्रशासक र सफल गभर्नर'



डा. युवराज खतिवडा

हिमालय शमशेर जबरा नेपालको मौद्रिक इतिहासको एक महान व्यक्ति (लेजेन्ड्री) हुनुहुन्छ । त्यसका केही महत्वपूर्ण कारणहरू छन् । विश्वमा केही संख्यामा मात्र मुलुक होलान्, जहाँ केन्द्रीय बैंकको पहिलो गभर्नर र सत्रौं गभर्नर सँगै बसेर छलफल गर्नसक्ने अवसर मिलोस् ।

म राष्ट्र बैंकको १५औं गभर्नरका रूपमा काम गर्दा त्यो अवसर पाएँ । संयोग कस्तो भने मेरो जन्म, नेपाल राष्ट्र बैंकको जन्म र हिमालय शमशेर जबरा गभर्नर भएको एउटै वर्ष हो । म जन्मँदा गभर्नर रहनुभएको व्यक्तिलाई म गभर्नर हुँदा समयसमयमा सुझाव सल्लाह लिन्थे । उहाँले गर्नुभएका कतिपय कामलाई स्मरण गर्न पाउने हामी भाग्यमानी हौँ ।

राष्ट्र बैंक स्थापना भएको बेलाको गभर्नर भएका कारणले केन्द्रीय बैंकमा उहाँले पहिलो काम भारतीय रूपैयाँलाई क्रमशः विस्थापित गर्ने र नेपाली मुद्रालाई चलनचल्तीमा ल्याउने गर्नुभयो । नेपाली रूपैयाँ र भारतीय रूपैयाँको विनिमयदरमा स्थिरता ल्याउन उहाँले पहल गर्नुभयो । नेपाल राष्ट्र बैंकका शाखा देशका विभिन्न स्थानमा खोल्न लगाएर भारतीय रूपैयाँको सट्टा नेपाली रूपैयाँ चलनचल्तीमा ल्याउने कामको थालनी पनि उहाँबाटै भएको हो । भारतीय मुद्राको समानान्तररूपमा नेपाली मुद्रा चलिरहेको अवस्थामा त्यसलाई कानुनी मुद्राका स्थापित गर्नु त्यो बेला सामान्य विषय थिएन ।

केन्द्रीय बैंकका रूपमा नेपाल राष्ट्र बैंकको स्थापना हुनुअघि नेपालको विदेशी मुद्रा सञ्चिति भारतीय रिजर्भ बैंकमा हुन्थ्यो । हाम्रो विदेशी मुद्रा हाम्रै केन्द्रीय बैंकको प्रणालीमा लिएर आउने काम पनि उहाँको पालामा भयो । नेपालको पहिलो आवधिक योजना पनि २०१३ सालमा सुरु भएको हो । योजनाबद्ध विकास सुरु गर्ने सन्दर्भमा राष्ट्र बैंकले नेतृत्वदायी भूमिका खेल्नुपर्थ्यो । त्यो काम उहाँको पालाबाट सुरु भयो । उहाँ आफैँ पनि नेपाल सरकारको सचिवबाट आउनुभएको हुनाले वित्तीय योजना निर्माणमा सिद्धहस्त नै हुनुहुन्थ्यो । केन्द्रीय बैंक स्थापना भएदेखि नै उहाँले त्यसलाई स्वायत्त निकाय हो भनेर कतिपय ठाउँमा अडान लिनुभएको देखिन्छ ।

राणा परिवारमा जन्मिएर पनि लोकतन्त्रका पक्षमा त्यति बलियोसँग उभिने व्यक्ति उहाँ हुनुहुन्छ । असल प्रशासक, केन्द्रीय बैंकको सफल नेतृत्व गर्ने व्यक्ति, संयुक्त राष्ट्रसङ्घमा सफल ढंगले काम गर्नुभएको 'इन्टरनेसनल ब्युरोक्याट' र नागरिक समाजमा स्थापित व्यक्तित्वका रूपमा हामीले उहाँलाई चिन्छौँ ।

### 'वित्तीय क्षेत्रको जग बसाल्ने व्यक्ति'



डा. चिरञ्जीवी नेपाल

उहाँ नेपाल राष्ट्र बैंकको पहिलो गभर्नरका रूपमा हामीले अविभावक भनेर सम्झिन्छौँ । नेपालको वित्तीय क्षेत्रको आधारशिला निर्माण गरेको, जग बसालेको व्यक्ति हो उहाँ । नेपाली मुद्रालाई नेपालभित्र चलनचल्तीमा ल्याउन सुरु गरेको व्यक्तिका रूपमा चिनिनुहुन्छ । त्यो भन्दाअघि नेपाली मुद्रा बजारमा थिएनन् । तर उहाँले नेपाली बजारमा नेपाली मुद्राको कारोबार गर्ने व्यवस्था ल्याउनुभयो । केन्द्रीय बैंकको प्रथम गभर्नरका नाताले वित्तीय क्षेत्रको आधारशिला नै उहाँले निर्माण गर्नुभएको हो ।

व्यक्तिगतरूपमा उहाँ निकै सरल, धेरै कुरामा समन्वय गर्ने, उपयुक्त सुझाव दिने, कुनै कार्यक्रममा बोलाउँदा सजिलै आइदिने सहज व्यक्ति हुनुहुन्थ्यो । यो उमेरसम्म पनि अत्यन्तै सक्रिय रहनुभयो । केन्द्रीय बैंकको गभर्नरका रूपमा मैले केही कुरा सोध्दा उहाँ आफ्ना कुरा स्पष्ट ढंगले राख्नुहुन्थ्यो । *रासस*

## नेपाल टेलिकम वार्षिकोत्सव

# '२ करोड १३ लाख नाघ्यो ग्राहक'

**काठमाडौं (प्रस)–** राष्ट्रको सञ्चार नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) २०औं वर्षमा प्रवेश गरेको छ । वार्षिकोत्सवका अवसरमा आइतबार भद्रकाली प्लाजास्थित केन्द्रीय कार्यालय प्रांगणमा विशेष समारोह आयोजना सम्पन्न भयो ।




कम्पनीका प्रवक्ता शोभन अधिकारीका अनुसार कम्पनीले हरेक वर्ष माघ २२ गते आफ्नो वार्षिकोत्सव मनाउने गरेको छ । टेलिकमले मोबाइल टेलिफोन सेवा, जिएसएम, जिपीआरएस, थ्रीजी र फोरजी सेवा दिइरहेको छ । कम्पनीले निश्चित लाइन र मोबाइल टेलिफोन सेवा, ब्रोडब्याण्ड र निश्चित-लाइन इन्टरनेट सेवा इन्टरनेट एसएमएस सेवाहरू उपलब्ध गराएको छ ।

यसैबीच सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले टेलिकमको वार्षिकोत्सवका अवसरमा दिएको शुभकामना सन्देशमा ग्रामीण एवं दुर्गम क्षेत्रसम्म दूरसञ्चार सेवाको पहुँच विस्तार गर्न आग्रह गरेकी छिन् । उनले नवीन प्रविधिको अवलम्बन गरी सुलभ दरमा सुविधा प्रवाह गर्न इन्टरनेट सेवाको पहुँच स्थापित गरी सूचना प्रविधिको उपयोगमार्फत सीपमूलक र ज्ञानमा आधारित शिक्षाको विकास एवं गरिबी न्यूनीकरण गर्ने सरकारको नीतिलाई सफल पार्ने अभियानमा कम्पनी रहेको सन्देशमा उल्लेख गरेकी छिन् ।

उनले सन्देशमा सूचना तथा सञ्चार क्षेत्रमा भइरहेको नवीन प्रविधि र उपलब्धिलाई अवलम्बन गरी प्रतिस्पर्धात्मक वातावरणमा भरपर्दो, गुणस्तरीय सेवाप्रवाह गर्न एवं सेवाग्राहीले लागतअनुरूपको सेवा उपयोग गर्न पाउने अवसर सिर्जना गर्न कम्पनी अझ दृढतापूर्वक लाग्ने विश्वास व्यक्त गरेकी छिन् ।

यस्तै सञ्चार मन्त्रालयका सचिव वैकुण्ठ अर्यालले स्थापनाकालदेखि नै ग्राहकवर्गलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको कम्पनीले आगामी दिनमा अझ बढी स्तरीय, भरपर्दो र सुलभ सेवा प्रदान गर्न सकोस् भनी शुभकामना व्यक्त गरेका छन् । टेलिकमका प्रबन्ध निर्देशक सुनिल पौडेलले कम्पनीको उत्कृष्ट पूर्वाधार र नेटवर्क तथा साधन, स्रोत एवं मानवशक्तिको उच्चतम प्रयोग गरी ग्राहक सन्तुष्टि कायम राख्दै कम्पनीलाई सेवाग्राहीको पहिलो रोजाइ बनाउन भरमग्दुर प्रयास गरिने प्रतिबद्धता जनाएका छन् ।

विसं २०३२ असार १ गते नेपाल दूरसञ्चार संस्थानको रूपमा भएता पनि २०६० माघ २२ गते नेपाल दूरसञ्चार कम्पनीको रूपमा दर्ता भएको थियो । विसं २०६१ देखि यसलाई नेपाल टेलिकम भन्न थालियो । नेपाल सरकारको पूर्ण स्वामित्व रहेको टेलिकम विसं २०६१ वैशाख १ गते नेपाल दूरसञ्चार कम्पनी लिमिटेडमा रूपान्तरण गरियो ।

कम्पनीको आर्थिक वर्ष २०७८/८९ को कुल राजस्व रु ४४ अर्ब ३७ करोड छ, जसमा खुद नाफा रु आठ अर्ब ४७ करोड रहेको छ । कम्पनीको ग्राहकसेवा भ्वाइस सेवातर्फ २०७९ मङ्सिरसम्मको विवरणमा दुई करोड १३ लाख २५ हजारभन्दा बढी रहेको छ । सोमध्ये जीएसएम मोबाइल ग्राहक दुई करोड एक लाख ६८ हजार, एडिएसएल सेवाका चार लाख ३७ हजार र पिएसटीएन सेवाका चार लाख ५५ हजार रहेका छन् । त्यसैगरी एफटिटीएच भ्वाइस सेवाका ग्राहक दुई लाख ४७ हजार एक सय १४ छन् भने एफटिटीएच डाटाका ग्राहक दुई लाख ११ हजार पाँच सय ७९ रहेका छन् । यो अवधिमा फोरजी प्रयोगकर्ता एक करोड १५ लाख ५० हजार छन् । सन् २०२३ मा फाइभजी परीक्षण प्रारम्भ भएको छ ।

विसं २०७९ असोज महिनाको नेपाल दूरसञ्चार प्राधिकरणको एमआइएस प्रतिवेदनअनुसार भ्वाइस सेवातर्फ कम्पनीको बजार हिस्सा कुल ५२।२४ प्रतिशत रहेको छ । टेलिकमका अनुसार हालसम्म देशका ७७ वटै जिल्लाका सात सय ३९ स्थानीय तहमा फोरजी एफटीइ सेवाको पहुँच स्थापित भएको छ । फोरजी विस्तारकार्य हालसम्म ९८ प्रतिशत सम्पन्न भइसकेको छ । टेलिकमले देशभरमा पिएसटीएन, सिडिएमएलगायत आधारभूत टेलिफोन र जिएसएम र सिडीएमएजस्ता मोबाइल सेवा प्रदान प्रदान गर्ने गरेको छ । इन्टरनेट सेवामा डायल-अप आइएसडीएम र सिडीएमएजस्ता मोबाइल सेवा प्रदान गर्ने गरेको टेलिकमले इन्टरनेट सेवामा डायल-अप आइएसडीएन लिज्ड एडिएसएल इन्टरनेट र स्काइ डाटामार्फत वायरलेस इन्टरनेट सेवा प्रदान गर्ने गर्दछ ।बैंक तथा विभिन्न निकायलाई तथ्यांक आदन-प्रदान गर्न लिज्ड सर्किटको सेवासमेत टेलिकमले दिने गरेको छ । कम्पनीमा हाल करिब चार हजार कर्मचारी कार्यरत छन् । विसं १९७० मा काठमाडौँमा म्याग्नेटो सिस्टमको स्थापना भई नेपालमा दूरसञ्चार सेवाको थालनी भएको थियो ।

## नेप्से परिसूचकमा झिनो अंकको वृद्धि

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक आइतबार झिनो अंकले उकालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक एक दशमलव ५४ अंकले उकालो लागेर दुई हजार ९६ दशमलव शून्य आठमा पुगेको छ ।

ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ८९ अंकले उकालो लागेर चार सय दशमलव २६ मा पुगेको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये पाँच उपसमूहको सेयर मूल्यमा गिरावट आउँदा आठ उपसमूहको सेयर मूल्यमा भने वृद्धि भएको छ ।

कारोबार भएकामध्ये एक सय आठ कम्पनीको सेयर मूल्य उकालो लाग्दा एक सय एक कम्पनीको सेयर मूल्यमा गिरावट आएको छ भने सात कम्पनीको सेयर मूल्यमा कुनै परिवर्तन भएन ।

कूल ५२ लाख छ हजार तीन सय ७० कित्ता सेयर रू एक अर्ब ९३ करोड १७ लाख १९ हजार एक सय तीन मूल्यमा खरिद बिक्री भएका छन् । नेप्सेका अनुसार कारोबारका आधारमा नेपाल लाइफ इन्स्योरेन्स कम्पनी शीर्ष स्थानमा छ । सो कम्पनीको रू छ करोड ४४ लाख २४ हजार छ सय ८२ बराबरको कारोबार भएको छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ